# जन्तेढुङ्गा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

# चिसापानी खोटाङ

गाउँसभाले पारित गरे बमोजिम यो विधेयक (संख्या १, जम्मा पृष्ठ संख्या १४) ठीक छ प्रमाणिकरणका लागि सभाध्यक्ष समक्ष पेश गर्दछु।

पवनराज पोखरेल

गाउँसभा सचिव

मितिः २०७९/०३/१०

# नीति तथा कार्यक्रम

# २०७९/८०

सम्मानित गाउँसभाका सदस्य ज्यूहरु

नेपालको संविधान २०७२ जारी भएर संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था शुरु भए पश्चात दोश्रो स्थानीय तहको निर्वाचन पछिको पहिलो र नियमित एघारौं गाउँसभामा जन्तेढुङ्गा गाउँपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम र समग्र बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छ।।

- ❖ यस अवसरमा हामिलाई यस्तो अवसर प्रदान गर्न आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै सम्पूर्ण नागरिक प्रति सम्मान व्यक्त गर्दछु।
- ❖ विविध आरोह अवरोहका विच २०७९ बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचन सफलता पुर्वक सम्पन्न गरी हामीलाई जिम्मेवारी सुम्पन सहयोग गर्नुहुने आम मतदाता, निर्वाचनमा संलग्न कर्मचारी, सुरक्षाकर्मी पत्रकार पर्यवेक्षक सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु।

सम्मानित गाउँसभाका सदस्य ज्यूहरु

नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ को मर्म र भावना अनुकुल यस गाउँपालिकाको जीवनस्तर सुधार गरी आमुल परिवर्तन शुनिश्चित गर्न गाउँपालिकाको योजनावद्ध विकासको जग बसाल्दै संघीय सरकारको पन्ध्रौं आवधिक योजना र प्रदेश सरकारको प्रथम आवधिक योजनाले लक्षित गरेको दिर्घकालिन लक्ष्य र उद्देश्य हासिल गर्न सहयोग पुऱ्याउने मुख्य उद्देश्यले यस जन्तेढुङ्गा गाउँपालिकाको आगामी वर्षको लागि योजना तर्जुमा गरी कार्यान्वयन गर्न यो नीति तथा कार्यक्रम र बजेट तय गरिएको छ ।

सम्मानित गाउँसभाका सदस्य ज्यूहरु

स्थानीय सरकार नागरिकको सरल र सहज पहुँच भित्रको सरकार हो। त्यसै कारण स्थानीय सरकारसँग जनताको धेरै अपेक्षा हुनु स्वभाविक हो। ती चाहना र आकांक्षा सिमित श्रोतले मात्र संबोधन नहुन सक्छ। कतिपय मार्ग निर्दिष्ट गर्न नीति तथा कार्यक्रमले समेटिदा पनि सकारात्मकता महसुस हुने भावनात्मक रुपमा विश्वासको वातावरण बन्नेछ। अन्तरसरकारी वित्तिय हस्तान्तरण ऐन २०७४ को प्रावधान एवं संघ र प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ्ग र आन्तरिक आय नै हाम्रो संगठित बजेटको आकार हो ।

सम्मानित गाउँसभाका सदस्य ज्यूहरु

म सर्वप्रथम यस गाउँपालिकाको मूल नारालाई शब्द मिलान गर्न चाहन्छु। हाल भईरहेको **"कृषि र पर्यटन विकासका आधार जन्तेढुङ्गा गाउँपालिकाको समृद्धी र पुर्वाधार"** र शब्द मिलान गरिएको प्रस्ताव गरिएको नारा **"कृषि, पर्यटन र पुर्वाधार, जन्तेढुङ्गा गाउँपालिकाको समृद्धि र विकासको मुल आधार"**।

सम्मानित गाउँसभाका सदस्य ज्यूहरु

अब म समग्र प्रतिविम्वित नीति प्रस्तुत गर्न चाहन्छु। **"मेरो सपनाको जन्तेढुङ्गा"** सबै जनताले आ-आफ्नो परिवारबाट शुरुवात गरी आ-आफ्नो टोल हुदै वडाको भुगोललाई कसरी उपयोग गरी कस्तो बनाउन सकिन्छ, दिर्घकालिन योजना बनाउन सहयोग पुग्ने गरी तयार गरिने नक्साङ्कन नै **"मेरो सपनाको जन्तेढुङ्गा"** हो। वडा-वडामा सङ्कलन गरिने मेरो सपनाको .....वडा तयार गर्न सबैलाई प्रेरित गरिनेछ। हरेक वडाका उत्कृष्ट सपनाका नक्साहरुलाई पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ। सबै वडाका सपनालाई जोडेर **"मेरो सपनाको जन्तेढुङ्गा"** को नक्साङ्कन गरिनेछ।

सम्मानित गाउँसभाका सदस्य ज्यूहरु

अब विषयगत एवं शिर्षकगत रुपमा नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

# नीति तथा कार्यक्रम २०७९/८०

पुर्वाधार निर्माण

१) सबै वडाका केन्द्रबाट गाउँपालिका केन्द्र जोड्ने सडक बाह्रै महिना संचालन हुनेगरी स्तरोन्नती गर्न DPR तयार गरी लगानी गरिने नीति लिईनेछ।

२) गाउँपालिका तथा वडाबाट मुल सडक (लोकमार्ग) जोडीने सडकको DPR तयार गरी कालोपत्रे गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

३) चिसापानी बजारको ढल तथा सडक ढलान र ढल निकासको व्यवस्थापनको DPR तयार गरी सम्बन्धित निकायमा बजेट व्यवस्थापनको लागि पहल गरिनेछ।

४) DPR तयार गरी समपुरक कोष मार्फत संचालन गरिने योजनाहरु, वडा कार्यालय भवन वडा नं. १, स्वास्थ्य चौकी भवन र सिंहदेवि मा.वि. वडा नं.२, स्वास्थ्य चौकी भवन वडा नं.३, स्वास्थ्य चौकी भवन वडा नं.४, वडा कार्यालय, भवन, सभाहल, जनप्रतिनिधि/कर्मचारी आवास वडा नं. ५, वडा कार्यालय भवन र स्वास्थ्य चौकी भवन, वडा नं.६, लगायत आवश्यकताका आधारमा DPR गरिनेछ।

५) आगामी २ वर्ष भित्र यस गाउँपालिकाका सम्पूर्ण वडाहरुमा केन्द्रीय प्रशारण लाईन विद्युत विस्तार गरिनेछ।

६) चिसापानी बजारको हाटडाँडामा सुविधा सम्पन्न सार्वजनिक सौचालय निर्माण गरिनेछ।

७) ट्र्याक खोलिसकेका स्थानीय सडकहरुको सामान्य मर्मत संभार वडा मार्फत नै गरिने नीति लिईएको छ।

८) अति आवश्यकताका आधारमा मात्र सडकका नयाँ ट्र्याकहरु खोलिनेछ।

९) गाउँपालिकामा रहेको ब्याक हो लोडर संचालनको लगि समिति निर्माण गरी, प्रभावकारी रुपमा संचालन गरिनेछ।

१०) गाउँपालिका भित्रका मुल सडक लगायतका सडकहरु बाढी पहिरो लगायतका कारणले अवरुद्ध भएमा यथासक्य संचालनमा ल्याईनेछ।

११) प्रशासकीय भवन- समपुरक कोष मार्फत प्राप्त रकममा गाउँपालिकाको समेत रकम समावेश गरी लागत अनुमानका आधारमा ठेक्का प्रक्रियाबाट निर्माण गरिनेछ।

१२) प्राविधिक शाखालाई श्रोत साधन सम्पन्न बनाई प्रभावकारी रुपमा सेवा प्रदान गर्ने नीति अवलम्बन गरिनेछ।

१३) सबै सडकका खोला नदीमा सडक पुल निर्माण गर्न सम्बन्धित निकायमा माग गरिनेछ।

# नीति तथा कार्यक्रम २०७९/८०

## शिक्षा

शिक्षा विकास र गुणस्तरका लागि आवश्यक बजेट विनियोजन गरिनेछ। जसलाई कार्यान्वयन गर्न तपशिलका नितिहरु लिईनेछः-

(१) भुगोल र विद्यार्थी संख्यालाई आधार मानेर दरवन्दी मिलान गरिनेछ।

(२) स्थानीय श्रोत र साधनको प्रयोग गरी धुलो रहित विद्यालय बनाउने नीति अवलम्बन गर्नुका साथै प्रारम्भिक चरणमा एक वडामा एउटा विद्यालयलाई भौतिक र प्राविधिक रुपमा सम्पन्न बनाईनेछ।

(३) प्राविधिक तथा व्यवसायिक ज्ञान भएका युवाहरुलाई व्यवसाय संचालन गर्नको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ।

(४) गाउँपालिकामा संचालनमा नआएका प्राविधिक विषय अध्ययनका लागि छात्रवृतिमा अध्ययन गराउने नीति लिईनेछ।

(५) पढ्दै कमाउदै कार्यक्रम लागु गर्न गाउँपालिका भित्र संचालनमा रहेको एउटा सामुदायिक विद्यालयलाई छनौट गरी सामुदायिक आवासिय विद्यालयको रुपमा विकास गर्न कार्यविधी बनाई प्रक्रिया अगाडी बढाईनेछ।

(६) स्थानीय मातृभाषा, सामाजिक, सांस्कृतिक विषय, अध्ययन अध्यापन गर्न गराउन पाठ्यक्रम विकास गरी लागु गरिने नीति लिईनेछ।

(७) पोषण, स्वास्थ्य, शिक्षा र प्राविधिक उपचारका लागि विद्यार्थी संख्याका आधारमा माध्यमिक विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गरिनेछ।

(८) किशोरीहरुका लागि सेनिटरी प्याडको व्यवस्था प्रभावकारी रुपमा गरिनेछ। साथै प्रयोग पछाडिको व्यवस्थापन विद्यालयहरुले नै गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।

(९) शिक्षक तथा कर्मचारीहरुको लागि क्षमता अभिवृद्धिको लागि आवश्यक व्यवस्था मिलाईनेछ।

(१०) शिक्षक कर्मचारी लगायतका छोराछोरीहरुलाई सरकारी विद्यालयमा पठन पाठन गर्न उत्प्रेरित गर्ने नीति लिईनेछ।

(११) शैक्षिक सत्रको सुरुमा विद्यार्थी भर्ना दर शत प्रतिशत कायम गरि विद्यालय छाड्ने दर न्यून राख्न विद्यार्थी अभिभावक उत्प्रेरणा कार्यक्रम लागु गरिनेछ।

(१२) विद्यालय शिक्षालाई गुणस्तरिय बनाउन कार्य सम्पादन सम्झौता गरी परिणाममुखी बनाउन दण्ड र पुरस्कारको व्यवस्था गर्ने नीति लिईनेछ।

(१३) कक्षा १ देखि कक्षा ६ सम्मका विद्यार्थीहरुलाई दिवा खाजा कार्यक्रम व्यवस्थित गरी संचालन गर्न, स्थानीय उत्पादन उपयोग नीति अवलम्बन गरिनेछ।

(१४) प्रविधिमैत्री शिक्षा लागु गर्ने नीति लिईनेछ।

(१५) उच्च शिक्षा संचालनमा आवश्यक समन्वय र सहकार्य गर्ने नीति अवलम्बन गरिनेछ।

(१६) प्रस्तावित विद्यालयहरुलाई स्थायी स्वीकृतीका लागि सिफारिस दिन अनुगमन गरिनेछ।

## स्वास्थ्य

(१) प्राथमिक स्वास्थ्य केन्द्र चिसापानीलाई **चिसापानी अस्पताल** नामाकरण गरी संचालन गरिनेछ।

(२) चिसापानी अस्पताल संचालनका लागि आवश्यक औजार उपकरणको व्यवस्था गरिनेछ।

(३) महिलाहरुको आङ खस्ने समस्या समाधानको लागि उपचार आ.व.२०७९/८० भित्र व्यवस्था मिलाईनेछ।

(४) निर्माणाधिन १५ बेडको चिसापानी अस्पतालको पुर्वाधार निर्माणलाई तिव्रता दिदै आवश्यक जनशक्तिको व्यवस्थापन प्रदेश र केन्द्रिय सरकार सँग समन्वय गरी तोकिएकै समयमा अस्पताल संचालन गरिनेछ।

(५) गाउँपालिका भित्र जेष्ठ नागरिक स्वास्थ्य पुहँच कार्यक्रम लागु गरिनेछ।

(६) गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकीहरुको समग्र व्यवस्थापन चुस्त दुरुस्त राख्ने नीति अवलम्बन गरिनेछ।

(७) गर्भवति तथा सुत्केरी महिलाहरुलाई स्थानीय सरकारबाट दिईने सुविधा एकिकृत गरी सेवा प्रदान गरिने नीति अवलम्बन गरिनेछ।

(८) यस गाउँपालिकामा रहेका विपन्न, गरिव, पछाडी पारिएका जेष्ठ नागरिक, महिला, अपाङ्ग तथा नेपाल सरकारले निशुल्क वितरणका लागि तोकेका औषधीहरु साथै नसर्ने रोगहरुका औषधीहरु निशुल्क वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

(९) मातृ तथा शिशु मृत्यु दरलाई घटाउनको लागि एकिकृत बाल स्वास्थ्य एवं पोषण सम्बन्धि कार्यक्रम संचालन गरिनेछ।

(१०) यस गाउँपालिकामा रहेका बर्थिङ्ग सेन्टरहरुलाई प्रभावकारी रुपमा संचालन गरिनेछ। साथै सामुदायिक स्वास्थ्य ईकाइहरु औचित्य र आवश्यकताको आधारमा प्रभावकारी रुपमा संचालन तथा थप गर्ने नीति लिईनेछ।

(११) स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने नीति लिईनेछ।

(१२) गर्भवति महिलाको लागि ग्रामिण भिडियो एक्स-रे कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिनेछ। साथै पाठेघरको क्यान्सरको जाँच (VIA test) निशुल्क रुपमा गरिनेछ।

(१३) स्वास्थ्यका कार्यक्रमहरुको औचित्य पूर्ण अनुगमन गरी पुरस्कार र दण्डको व्यवस्था गरिनेछ।

(१४) हाल संचालनमा रहेको एम्बुलेन्स व्यवस्थित रुपमा संचालन गरी नयाँ एम्बुलेन्स प्राप्तिका लागि विभिन्न निकायहरुसँग समन्वय गरिनेछ।

(१५) स्थानीय उपचार पद्धतीलाई आधुनिकीकरण, वैज्ञानिकरण गरी स्थानीय परम्परागत जडीबुटी, धामी-झाक्री, वैद्य लगायतलाई स्वास्थ्यको मुल प्रवाहमा ल्याउन आवश्यक नीति अवलम्बन गरिनेछ।

(१६) स्थानीय स्तरमा रहेका बहुमूल्य जडीबुटीहरुको खोज गरी ती जडीबुटीहरुलाई प्रयोग योग्य बनाउन आवश्यक नीति अवलम्बन गिरनेछ।

(१७) पालिका स्तरीय आयुर्वेदिक अस्पतालको सम्बन्धित निकायसँग माग गरिनेछ।

(१८) महामरी जन्य रोगहरुको नियन्त्रण र रोकथामका लागि आवश्यक पहल तथा उपायहरु अवलम्वन गरिनेछ।

## कृषि

"उत्पादन तपाई गर्नुहोस, बजार हामि दिन्छौं।"

जन्तेढुङ्गा गाउँपालिकाको उत्पादन आय आर्जन र रोजगारी सृजना हुने मुख्य क्षेत्र कृषि र पशु पालन नै भएको र अधिकांश जनता यसैमा निर्भर रहेको हुँदा यसलाई निर्वाहमुखिबाट व्यवसायिकरण तर्फ उन्मुख गराउनका लागि विभिन्न कार्यक्रम संचालन गर्ने नीति लिईनेछः-

१। प्रधानमन्त्रि कृषि आधुनिकरण परियोजनालाई अझ विस्तार गरी कृषक समुहलाई सहज पहुँचमा पुऱ्याउने नीति लिईनेछ।

२। निर्धारित पकेट क्षेत्रको अनुगमन गरी आवश्यकताका आधारमा प्रवर्द्धन गर्ने नीति लिईनेछ।

३। कृषिलाई यान्त्रिकरण गर्नको लागि कृषक गाउँपालिका साझेदारी कार्यक्रम संचालन गरिनेछ।

४। वास्तविक कृषक तथ्याङ्क संकलन तथा अभिलेखिकरण कार्यक्रम तय गरी लागु गरिनेछ।

५। उत्पादित स्थानिय वस्तुको संकलन गरि बजार व्यवस्थापनको कार्य गरिनेछ।

६। कृषिसँग सम्बन्धित ज्ञान, सीप र प्रविधि हस्तान्तरण एवं बजारीकरण कार्य सहकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने नीति लिईनेछ।

# नीति तथा कार्यक्रम २०७९/८०

७) शित भण्डार निर्माणका लागि आवश्यक जग्गा व्यवस्था गरी समपुरक कोष मार्फत रकम छुट्याई निर्माण कार्य प्रारम्भ गरिनेछ।

८) बाँझो रहेको जग्गामा खाँडी व्यवसायलाई प्रवर्द्धन गर्न कपास खेति लगाउन कृषक समुहलाई उत्प्रेरित गरिनेछ।

९) आयातलाई विस्थापन गर्न तरकारी तथा फलफूल लगायतका वस्तु उत्पादन गर्न कृषक एवं कृषक समूहलाई उत्प्रेरित गर्ने नीति लागु गरिनेछ।

१०) "एक गाउँ एक कृषि" प्राविधिकको व्यवस्थालाई उपलब्धि मुलक बनाउन कृषकको पहुँचमा रहने गरी परिचालन गर्ने नीति लिईनेछ।

११) माटो परिक्षण प्राविधिकका लागि तालिमको व्यवस्था मिलाईनेछ।

१२) वालि बिमाको पहल गरिनेछ।

१३) कृषि नर्सरी र विउ विजन उत्पादक स्थानीय कृषकको विरुवा र विउ खरिद गरी प्रोत्साहन एवं पुरस्कारको व्यवस्था गरिनेछ।

१४) कृषकलाई टनेल वितरण कार्यविधि बनाई निरन्तरता दिईनेछ।

१५) कृषिको व्यवसायिकरण गर्नका लागि करार खेती, सहकारी खेती साथै सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

१६) कृषि उत्पादनलाई क्षति पुऱ्याउने वन्यजन्तुलाई नियन्त्रण एवं व्यवस्थापन गर्न पहल गर्ने नीति लिईनेछ।

१७) प्राङ्गारिक मल र जैविक विषादीको प्रयोगलाई प्राथमिकता दिई अर्गानिक गाउँपालिकाको नीतिलाई कायम राख्दै भकारो सुधार, गोठ सुधारलाई निरन्तरता दिईनेछ। साथै यसले पूर्णता नपाउन्जेल रासायनिक मल उपलब्ध गराउदै जाने नीति लिईनेछ।

१८) कृषि उत्पादनलाई प्रवर्द्धन एवं पुरस्कृत गर्न कृषि मेला प्रदर्शनी गरिनेछ।

१९) "एक घर एक करेसा बारी"लाई प्रोत्साहित गर्ने नीति ल्याईनेछ।

२०) कृषिको प्रवर्द्धन गर्न निजी संस्था, सहकारी संस्था, गैर सरकारी संघ/संस्था र दातृ निकायसँग समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

२१) तेलहन आयातलाई विस्थापन गर्न तेलजन्य कच्चा पदार्थ (तोरी, सर्स्यू, सूर्यमुखी आदी) उत्पादनलाई प्रोत्साहित गर्ने नीति लिएकोछ।

२२) कृषि एम्बुलेन्स खरिद गरी संचालनमा ल्याउन पहल गरिनेछ।

## पशु पंक्षी पालन

"उत्पादन तपाई गर्नुहोस बजार हामि दिन्छौं।"

घरपालुवा र छाडा कुकुरहरुलाई रेविज विरुद्धको भ्याक्सिन उपलब्ध गराउने र सम्भावित रेविज विरुद्धको भ्याक्सिन निशुल्क उपलब्ध गराउने नीति अवलम्बन गरिनेछ।

(१) प्रधानमन्त्रि कृषि आधुनिकरण परियोजनालाई अझ विस्तार गरी संचालन गर्ने पहल गरिनेछ।

(२) पशुपालनका पकेट क्षेत्रको अनुगमन गरी पशुपालक कृषकलाई सहजिकरण गर्ने नीति लिईनेछ।

(३) "एक गाउँ एक पशु" प्राविधिकको व्यवस्थालाई उपलब्धि मुलक बनाउन पशुपालक कृषकहरुको पहुँचमा हुनेगरी परिचालन गर्ने नीति लिईनेछ।

(४) पशुपंक्षीलाई लाग्ने रोग विरुद्धका खोरेत, रानिखेत, पि पि आर भ्याक्सिन समयमै उपलब्ध गराईनेछ।

(५) पशुपंक्षीमा लाग्ने सामान्य रोगको उपचार गर्ने प्राविधिक उत्पादन गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ।

(६) पशुपंक्षीलाई पोषणयुक्त आहारको व्यवस्थापन गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ।

(७) पशुपंक्षीलाई आवश्यक पर्ने स्वास्थ्य खोर तथा गोठ निर्माणलाई जोड दिईनेछ।

(८) निर्यातलाई जोड दिदै दुधजन्य, मासुजन्य पशुपंक्षी पालनलाई प्रोत्साहित गरिनेछ।

(९) पशु विमालाई कार्यान्वयन गर्न सम्बन्धित पक्षसँग पहल गरिनेछ।

(१०) पशुपंक्षी र जलचरको प्रवर्द्धन गर्न निजी संस्था, सहकारी संस्था, गैर सरकारी संघ/संस्था र दातृ निकायसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने नीति लिईनेछ।

(११) पशु तथा कृषि फर्म दर्ता र उत्पादनलाई आधार मानेर सहयोगको व्यवस्था गरिनेछ।

(१२) सम्पुर्ण कृषकको दुग्ध संकलन गर्नका लागि डेरीको स्थापना गर्न उत्प्रेरित गरिनेछ।

## पर्यटन

१) आन्तरिक तथा बाह्य पर्यटकलाई धार्मिक, सांस्कृतिक, प्राकृतिक पर्यटनसँग जोडी आन्तरिक आय आर्जन रोजगारीको सृजना, उत्पादनको खपत गर्नमा जोडदिईनेछ।

२) पंचकन्या, औतारी थान, देविस्थान, कुईभिर, भन्ज्याङ्गखर्क को DPR तयार गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ।

३) हाम्रा पर्यटकीय स्थलहरु जन्तेढुङ्गा, भानुमति शिर र दोभान, होङ्मा पोखरी, छोङ्बाचण्डी थान (साकेन्वा) को DPR तयार भएकोले सोहि अनुसार निर्माण कार्यलाई अघि बढाउन सम्बन्धित निकायमा पहल गरिनेछ।

४) स्थानीय कला, संस्कृति र प्रर्यटनको प्रवर्द्धन गर्न धार्मिक एवं संस्कृतिक महत्सवको आयोजना गरिनेछ।

५) आन्तरिक तथा बाह्य पर्यटकहरुलाई बास बस्नका लागि प्रर्यटकीय स्थलमा होमस्टे संचालन गर्न प्रेरित गरिनेछ।

६) गाउँपालिका अन्तर्गत रहेका पर्यटकीय स्थलहरुलाई जोड्नका लागि पर्यटकीय चक्र (सर्किट) निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

७) पुरातात्विक महत्वका मठ, मन्दिर, साकेन्वा थान, गुम्बा, चर्च, तथा सम्पदाहरुको खोज अनुसन्धान संरक्षण एवं निर्माण गरिनेछ।

८) घोरेडाँडालाई ऐतिहासिक एवं सांस्कृतिक पर्यटकीय स्थलको रुपमा परिचित गराईनेछ।

९) सोकेपे डाँडालाई पर्यटक क्षेत्र बनाईनेमा जोड दिईनेछ।

उद्योग

१) साना तथा घरेलु उद्योग संचालन गर्नको लागि **"औधोगिक ग्राम"**को स्थापना गरी उद्योग संचालन गर्न चाहने उद्योगी तथा व्यवसायीहरुलाई आवश्यकताका आधारमा जग्गा उपलब्ध गराईनेछ।

२) जन्तेढुङ्गा गाउँपालिकामा रहेका संघ/संस्था कार्यालयहरुलाई स्थानीय श्रम र कच्चा पदार्थ प्रयोग भएको उत्पादनलाई अनिवार्य उपयोग गर्ने नीति लिईनेछ।

३) सामान्य तालिम प्राप्त सिल्पीहरुलाई पूर्नताजकी तालिम दिई दक्ष बनाउने नीति लिईनेछ।

४) गाउँपालिका क्षेत्रमा उपलब्ध प्राकृतिक श्रोत र कृषि उपजबाट प्राप्त कच्चा पदार्थ (बाँस, लोक्ता, अल्लो, गैरकाष्ठ, वनपैदावार आदि) को सदुपयोग हुने गरी साना तथा घरेलु उद्योग संचालन गर्न पहल गरिनेछ।

५) घरेलु उद्योग संचालनका लागि कर्जा (ऋण)को आवश्यकता परेमा कार्यदक्षता, सीप र क्षमताका आधारमा विना धितो ऋण (कर्जा) उपलब्ध गराउन सहजिकरण गर्ने कार्यविधि तयार गरिनेछ।

६) घरेलु उद्योग संचालनमा स्थानीय श्रम कच्चा पदार्थको प्रयोगलाई विषेश महत्व दिईनेछ।

७) संचालनमा रहेका घरेलु उद्योग, खाँडी, ढाका कपडा लगायतलाई स्तरोन्नतीमा सहयोग गरिनेछ।

## सिंचाई

१) श्रोतको उपलब्धता र कृषि उत्पादनको सम्भाव्यताका आधारमा सिंचाईको व्यवस्थापन गरिनेछ।

२) आवश्यकता अनुसार रिचार्ज पोखरी, श्रम र जनसहभागिताको माध्यमबाट निर्माण गरिनेछ।

३) साना सिंचाईसँगको सहयोगमा निर्माणाधिन कुलोको लागि समपुरक कोषको व्यवस्था गरिनेछ। र क्रमागत चरणमा रहेका योजनाहरुको अनुगमन गरि पुनः छनौट गरिनेछ।

४) साना सिंचाईबाट सम्पन्न हुन नसक्ने तर श्रोत र कृषि उत्पादनको संभावयता भएका योजनाहरुको छनौट गरी संघीय एवं प्रादेशिक मन्त्रालयमा माग गर्ने नीति लिईएको छ ।

## खानेपानी तथा सरसफाई

(क) हाल संचालनमा रहेका तथा मर्मत गर्नुपर्ने आयोजनालाई लागत अनुमान संकलन एवं एकिकृत गरी पालिका स्तरिय खानेपानी आयोजना ठेक्का प्रक्रियाबाट गरिनेछ।

(ख) "एक घर एक धारा, एक घर एक शौचालय" नीति अवलम्बन् गरी हरेक घरमा स-शुल्क खानेपानीको व्यवस्था गरिनेछ।

(ग) खानेपानी तथा सरसफाईलाई व्यवस्थित रुपमा संचालन र व्यवस्थापन गर्न कार्यविधि बनाई लागु गरिनेछ।

(घ) श्रोत संरक्षण तथा व्यवस्थापन कार्यलाई जनचेतनाको माध्यमबाट संरक्षित गर्ने नीति लिईएको छ।

(ङ) फोहोर व्यवस्थापन गर्नका लागि कार्यविधि बनाई लागु गरिनेछ।

## बन तथा वातावरण तथा विपद व्यवस्थापन

१) स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ दफा ६२ 'ख' मा व्यवस्था भए बमोजिम सामुदायिक वन उपभोक्ता समितिलाई गाउँपालिकाको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ।

२) सडक तथा अन्य निर्माणका कारणले क्षति पुगेका वन जंगलमा पूनः वृक्षारोपण गरिनेछ।

३) मापदण्ड पुरा गरी निर्माण भएका सडक किनारमा फलफूल तथा उपयोगी विरुवा रोप्न सम्वन्धित वस्तीलाई प्रोत्साहित गरिनेछ।

४) होड्मा पोखरी किनार एवं आसपासमा गुँरास लगायत बाह्रै महिना फुल्ने फुलहरुको खोजि गरी रोप्ने कार्य अगाडी बढाईनेछ।

५) विजुते गैरीखर्क सामुदायिक वनको शिरमा रहेको डाँडालाई **"चिलिली पार्क"** नामाकरण गरी सोहि बमोजिम फुलहरूका विरुवा रोप्ने कार्य अगाडी बढाईनेछ। त्यसै गरी अन्यत्र स्थानमा रहेका रमणीय स्थलहरुको पहिचान गरी पर्या-पर्यावरणलाई टेवा पुग्ने गरी यसै अवधारणा अनुरुप गर्दै जाने नीति लिईनेछ।

६) हरेक पुर्वाधार निर्माणमा जलवायु परिवर्तन वातावरण अनुकुलन भुक्षयको न्यूनिकरण जस्ता विषयवस्तुलाई ध्यान दिने नीति लिईनेछ।

७) वन डढेलो, आगलागि, भुकम्प, बाढीपहिरो, चट्याङ्ग, हावाहुरी, अतिवृष्टि, अनावृष्टि, झाडापखाला, हैजा, कोभिड जस्ता आईपर्ने प्राकृतिक विपतीबाट हुने क्षती न्युनीकरणको लागि विभिन्न निकाय सँग सहकार्य गरी चेतना मुलक कार्यक्रम संचालन गरिनेछ।

८) प्राकृतिक विपत्तीबाट क्षती भएमा तत्काल व्यवस्थापकीय कार्य अगाडी बढाईनेछ।

९) प्राकृतिक प्रकोप युक्त क्षेत्रको तथ्याङ्क संकलन गरी सावधानी अपनाईनेछ।

१०) प्रत्येक वडामा विपत व्यवस्थापन कोष स्थापना गर्न अभिप्रेरित गरिनेछ।

<u>जेष्ठ नागरिक अपाङ्ग तथा दलित</u>

(१) वृद्ध वृद्धा संरक्षण तथा सम्मानका लागि छलफल र बहस चलाईनेछ।

(२) ८० वर्ष भन्दा माथिका वृद्ध वृद्धा दिर्घ रोगी पुर्ण अपाङ्गता भएका असक्तलाई घरमै सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईने वा यातायातको व्यवस्था मिलाईनेछ।

(३) जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई भावी पुस्तासँग हस्तान्तरण गर्नको लागि संवाद क्लब मार्फत ज्ञान सीप आदान प्रदान गरिने नीति अवलम्बन गरिनेछ।

(४) जेष्ठ नागरिक सम्मान कार्यक्रम गरिनेछ।

(५) वृद्ध चौतारीको अवधारणा संचालन गरिनेछ।

(६) अपाङ्गमैत्री शासन र पुर्वाधार निर्माणको अवधारणालाई अवलम्बन गरिनेछ।

(७) सबै खाले फरक क्षमता भएका ज्ञान र सिपलाई उत्पादन आयआर्जन र बचतसँग जोडिनेछ।

(८) सिल्पी समुदायका सीपलाई उद्यमशिलता सँग जोडी उत्पादन, आयआर्जन र बचत गराई जिवनस्तर उकास्न मद्दत गरिनेछ।

(९) दलित समुदायसँग सहभोज गर्न अभिप्रेरित गरिनेछ।

## महिला तथा बालबालिका

१) **"अध्यक्षसँग महिला कृषक"** भन्ने मुल नाराका साथ महिला कृषक समुहहरुसँग सहकार्य गरी उत्पादन, आय आर्जन र बचत गर्न विषेश महत्व दिईएको छ।

२) सबै आमा समूहलाई अभिमुखिकरण तालिम संचालन गरिनेछ।

३) महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्य गरिनेछ।

४) स्वावलम्बी महिला उद्यम कार्यक्रम अन्तरगत महिला उद्यमीहरूलाई सहजिकरण तथा सहयोगको व्यवस्था मिलाईनेछ।

५) बालबालिकाहरुलाई बाल क्लबमा संगठित गर्दै क्षमता विकास गराउने र बालबालिकाका लागि बाल उद्यान संचालन गरिनेछ।

६) हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि सुरक्षित पुनः स्थापना केन्द्र निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

७) बालमैत्री स्थानीय शासनको अवधारणालाई लागु गर्ने रणनीति अवलम्बन गरिनेछ।

८) सबै विद्यालय र वडाहरुमा बाल क्लब गठन गरी परिचालन गरिनेछ।

९) बालबालिका तथा किशोर किशोरीमा हुने सबै प्रकारको हिंसाको अन्त्य गर्ने गरी कार्यक्रम संचालन गरिनेछ।

## युवा तथा खेलकुद

१) मिनि रङ्गशालाको DPR तयार गरी निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

२) प्रत्येक वडामा वडा स्तरिय खेलकुद मैदान निर्माण गरिनेछ। प्रत्येक विद्यालयलाई खेलकुद मैदानको व्यवस्था गरिनेछ।

३) यस गाउँपालिकामा गाउँपालिका स्तरिय खेलकुद विकास समिति गठन गरिनेछ।

४) युवाहरुलाई रोजगारी सृजना गर्नको निमित्त साना तथा घरेलु उद्योगमा आवद्ध गराउने नीति लिईनेछ।

५) बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरी योजना निर्माण गरिनेछ।

६) माध्यमिक विद्यालयहरु र टोलमा घुम्ती खेल प्रशिक्षक उपलब्ध गराईनेछ।

७) राष्ट्रपति रनिङ्ग सिल्ड समपुरक रकमको व्यवस्था गरि समयमै संचालन गरिनेछ।

८) खेलकुदलाई व्यवसायिकरण गर्दै लगिनेछ।

९) युवाहरुलाई उत्प्रेरणात्मक तालिमको व्यवस्थापन गर्ने।

१०) यस गाउँपालिका अन्तर्गत ६ वटै वडाका खेलाडी छनौट गरी अन्तर पालिका तथा प्रदेश स्तरिय खेल खेलाउन उत्प्रेरित गरिनेछ।

## पंजिकरण कार्यक्रम

१) व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली यस गाउँपालिकाका प्रत्येक वडामा स्थापना गरी संचालन गरिनेछ।

२) व्यक्तिगत घटना दर्ता किताब डिजिटाईजेशन गरिनेछ।

३) प्रत्येक वडाको तथ्याङ्क विवरण कम्प्युटराईज गरिनेछ।

४) पंजिकरण सम्बन्धि कार्य गर्न गराउनको लागि जनप्रतिनिधि तथा कर्मचारीहरुलाई पूर्नताजगी तालिम संचालन गरिनेछ।

५) घटना दर्ता विषेशत विवाह दर्ता लगायतका घटना दर्ताहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सचेतना अभियान संचालन गर्ने नीति अवलम्बन गरिनेछ।

## जनआन्दोलन र जनयुद्धका सहिद, बेपत्ता र घाईते

१) सहिद एवं बेपत्ता परिवार, योद्धा घाईते, अपाङ्गता भएका व्यक्तिहरुको सम्मान संरक्षण, स्वास्थ्य उपचार, शिक्षा, सिप विकास, रोजगार र पुनः स्थापना लगायतका कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

२) सहिद तथा बेपत्ता परिवार द्वन्द पिडितहरुको लागि द्वन्द पिडित सहयोग कार्यक्रम लागु गरिनेछ।

३) गाउँपालिका भित्र उपयुक्त स्थान छनौट गरी सहिद पार्क निर्माण गरिने छ।

# नीति तथा कार्यक्रम २०७९/८०

## सूचना तथा संचार

१) संचारमैत्री गाउँपालिका बनाउन आवश्यक नीति बनाई समानुपातिक वितरण प्रणाली अपनाईनेछ।

२) यस गाउँपालिकामा टेलिफोन, र मोबाईल नेटवर्कको समस्या समाधान गरी गाउँपालिका भित्रका सबै ठाउँमा मोबाईल सम्पर्क हुन सक्ने गरी संचार नेटवर्कको समस्या हटाईने छ। सधै चल्ने किसिमको ईन्टरनेटको व्यवस्थाका लागि आवश्यक पहल गरिनेछ।

३) टेलीफोन टावर, ईन्टरनेट टावर लागायतका संचार माध्यमहरुको स्तरउन्नतीका लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

४) पत्रपत्रिकाहरुलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराईनेछ।

५) सूचना प्रविधि शाखालाई प्रभावकारी ढंगले परिचालन गर्ने नीति लिईनेछ।

६) यस गाउँपालिकाका जनप्रतिनिधिका, सभा छलफललाई आम जनता समक्ष पुर्याउने प्रविधिको व्यवस्था मिलाईनेछ। सभाका सदस्यहरुले बोलेको कुरा रेकर्डको व्यवस्था गरिनेछ।

## सहकारी, बैंकिङ्ग र वित्तीय संस्था

क) कृषि, पशुपालन साना तथा घरेलु उद्योगको व्यवसायिक प्रवर्द्धनको लागि यस गाउँपालिकामा रहेको सहकारीहरु सँग समन्वय गरी कार्यक्रम गर्ने नीति लिईनेछ।

ख) निक्षेप र कर्जाको सहजताका लागि यस गाउँपालिकामा रहेका कृषि विकास बैंक र सालपा विकास बैंकसँग साझेदारी, समन्वय र सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ।

## आर्थिक विकास

१) जन्तेढुङ्गावासी तथा जन्तेढुङ्गालाई सुभेच्छा राख्ने सबैको समग्र योगदानका लागि **"म योगदान गर्छु"** कार्यक्रम यसै आ.व. देखि कार्यविधि बनाई कार्यान्वनमा ल्याईनेछ।

२) समग्र आर्थिक गतिविधि चलायमान बनाउन र आर्थिक क्रियाकलापको स्तर मापनका लागि आर्थिक सर्वेक्षण गरिनेछ।

३) विगतमा सरकारी निकाय, संघ/संस्था लगायत सँग कुनै योजना तथा विभिन्न प्रकारका कार्यक्रमहरु गर्ने भनी बजेट निकासा भएको तर योजना तथा कार्यक्रम समयमा सम्पन्न नभई पेश्की रहेका, व्यक्ति, समुह, उपभोक्ता समिति, संघ/संस्थालाई कुनै पनि प्रकार बजेट विनियोजन नगर्ने नीति अवलम्बन गरिनेछ।

# नीति तथा कार्यक्रम २०७९/८०

## सुशासन

१) गाउँपालिकाबाट प्रदान गरिने सबै खाले सेवालाई छिटो छरितो र जनमुखी, झण्झट मुक्त, सर्भसुलभ एवं पारदर्शी बनाई गाउँपालिकाको सबै वडाहरुमा क्षतिपूर्ती सहितको नागरिक वडापत्र लागु गरिनेछ।

२) टोल विकास संस्थाको कार्यविधि बनाई लागु गरिनेछ।

३) भ्रष्टाचार शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

४) गाउँपालिका र प्रत्येक वडाले ६/६ महिनामा अनिवार्य सार्वजनिक सुनुवाई गर्ने नीति कार्यान्वयन गरिनेछ।

५) गाउँपालिकाका कार्यक्रमहरु पारदर्शी, जवाफदेही र उत्तरदायी ढङ्गले लागु गरिनेछ।

६) यस गाउँपालिका र वडाबाट यस अघि भए गरेका कार्यहरुको अध्ययन गरि स्वेत पत्र जारि गरिनेछ।

७) निर्माण उपभोक्ता समितिहरुलाई अभिमुखिकरण तालिमको व्यवस्था गरिनेछ।

८) यस गाउँपालिकासँग उत्तरदायि रहने संघ/संस्था, शाखा र कार्यालयका पदाधिकारी, कर्मचारीहरुलाई कार्य सम्पादन मूल्यङ्कनका आधारमा दण्ड जरिवाना र पुरस्कारको व्यवस्था गरिनेछ।

९) गाउँपालिकामा कार्यरत स्थानीय तहका स्थायी कर्मचारीहरुलाई योगदानमा आधारित निवृतीभरणको आवश्यक व्यवस्था मिलाईनेछ।

१०) कर्मचारी प्रोत्साहन भत्ताको व्यवस्थालाई हटाई अतिरिक्त समयमा काम गर्ने कर्मचारीहरुलाई कार्य समय घण्टाको आधारमा भत्ताको व्यवस्था गरिनेछ।

११) सबै वडा कार्यालयमा नागरिक वडापत्र राखिनेछ।

१२) गाउँपालिका र सबै वडा कार्यालयमा व्यवस्थित सूचना पाटी र सुझाव एवं गुनासो पेटीका राख्ने व्यवस्था मिलाईनेछ।

१३) वडा कार्यालय मार्फत सङ्कलन गरिने तथ्याङ्क जनचेतना सम्बन्धी कार्य र समूह सम्बन्धमा सामाजिक परिचालनको माध्यमबाट संचालन गर्ने नीति लिईनेछ। जसको लागि प्रत्येक वडामा सामाजिक परिचालक परिचालन गरिनेछ।

१४) उपभोक्ता समितिबाट गरिने कार्य कुल बजेट रकमको ८०% भन्दाबढी कार्य श्रमिकबाट गरिने, लाभग्राहिबाट मात्र उपभोक्ता समिति बन्न सक्ने अवस्था भएमा र उपभोक्ता समितिबाट काम

हुने भनि निर्दिष्ट गरी सम्झौता गरिएका संघ/संस्था बाहेक यस गाउँपालिकाबाट संचालन सम्झौता र भुक्तानी हुने आयोजनामा २० लाख भन्दा कमको योजना मात्र उपभोक्ता समितिबाट गरिनेछ।

१५) भौगोलिक तथा प्राकृतिक कठिनाईको कारणले वडा नं. १ मा समग्र सेवा प्रवाहमा समस्या देखिएकाले सामुदायिक स्वास्थ्य इकाई आसपासबाट सेवा प्रवाहको कार्यविधि बनाई व्यवस्था मिलाउने नीति लिएको छ।

# धन्यवाद !

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम थप र संसोधन प्रस्ताव सहित सभा समक्ष निर्णायर्थ पेश गर्दछु।

...............................

अरुणादेवी राई

सभा अध्यक्ष

आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम थप र संसोधन प्रस्ताव सहित सभाले सर्वसम्बत पारित गरेको व्यहोरा प्रमाणित गरिन्छ।